नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
(LGCDP)
## कार्यक्रम समन्वय इकाई

प. सं.:-
च. नं.:-

सिंहदरवार, काठमाण्डौ ।

### प्रेस विज्ञप्ती

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको आयोजनामा आज मिति २०७१/०८/१९ गतेका दिन नेपाल सरकार, १४ भन्दा बढी दाताहरुको लगानी रहेको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको चौथो राष्ट्रिय कार्यक्रम निर्देशक समितिको चौथो बैठक सम्पन्न भएको छ । यस बैठकको अध्यक्षता संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव डा. श्री सोमलाल सुवेदीज्यूले गर्नुभएको यस वैठकमा महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयका सचिव श्री धन बहादुर तामाङ ज्यूको समेत उपस्थिति रहेको थियो । १२ वटा भन्दा बढी दातृसंस्थाहरुको सहभागिता रहेको उक्त बैठकमा बोल्दै नेपालका लागि स्वीस राजदुत महामहिम उरुस हेरेनले गत आर्थिक वर्षमा कार्यक्रमले गरेको प्रगति प्रति सन्तोष व्यक्त गर्दै स्थानीय निकायमा सामाजिक परिचालन, सार्वजनिक उत्तरदायित्व, सार्वजनिक खर्च व्यवस्थापन र सेवा वितरणका क्षेत्रमा अझै धेरै काम गर्न बाँकी रहेकोले यसतर्फ विशेष ध्यान दिंदै यथाशक्य चाँडो स्थानीय निकायहरुको चुनाव गर्न सुझाव दिनुभयो । उक्त कार्यक्रममा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिव, राष्ट्रिय योजना आयोगका सह सचिव, भबन आवास तथा शहरी विकास मन्त्रालयका सह सचिव, कृषि मन्त्रालयका सह सचिव, महालेखा नियन्त्रक कार्यालयका प्रतिनिधि, स्थानीय निकायका संघ महासंघका प्रतिनिधिहरु, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सह सचिवहरु, एशियाली विकास बैंकका कन्ट्री डाइरेक्टर, बेलायती सहयोग नियोगका प्रमुखले स्थानीय तहमा सुशासन कायम गरी जनताका चाहना बमोजिम समावेशी हिसाबले सेवा प्रदान गर्न हाल भैरहेका कामहरुको प्रशंसा गर्दै थप कार्यका लागि सुझाव प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा राष्ट्रिय कार्यक्रम निर्देशक श्री रेश्मी राज पाण्डे र राष्ट्रिय कार्यक्रम प्रबन्धक श्री पुरुषोत्तम नेपालले कार्यक्रमको प्रगति प्रस्तुत गर्नुभएको थियो । बैठकले आगामी दिनका लागि कार्य निर्देशन सहित वित्तीय जोखिम न्यूनिकरण, नागरिक सचेतना केन्द्र विस्तार, स्थानीय विकास अधिकारी र कार्यकारी सचिवहरुसगको कार्यसम्पादन संझौता हालै गठन गरिएका नगरपालिकाहरुको पूर्वाधार, जनशक्ति व्यवस्थापन लगायतका विषयमा छलफल गरीएको थियो । बैठकमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका लागि सामाजिक परिचालनतर्फ नागरिक सचेतना केन्द्रहरु विस्तारका लागि स्वीस सरकारका तर्फबाट थप ७.५ मिलीयन स्वीस फ्याङ्क अनुदान प्रदान गरिएको जानकारी सहित स्वीस सरकारप्रति आभार प्रकट गरिएको थियो ।

फोन नं.: ४२००२८२, ४२००३३३, ४२००३३४, फ्याक्स नं.: ८७७-०१-४२००३२६, ईमेल: lgcdp@wlink.com.np, वेब पेज: www.lgcdp.gov.np